


# @* cf}aflif{ ;fwf/0f ;efsf]

## aflif{ k|ltj]bg

## @)&*

### सम्पादक मण्डल

नवराज कोइराला (संयोजक)

खडानन्द तिमिल्सना

बद्री नारायण श्रेष्ठ

### यस भित्र समेटीएका विषय वस्तुहरु:

अध्यक्षको प्रतिवेदन

महा सचिवको प्रतिवेदन

लेखा संयोजकको प्रतिवेदन

कोषाध्यक्षको प्रतिवेदन

स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

सदस्य संस्थाहरुको नामावली


**प्रकाशक:**

जिल्ला सहकारी संघ लि. सिन्धुली

DISTRICT CO-OPERATIVE UNION LTD. SINDHULI

कमलामाई नगरपालिका-६, माढीबजार, सिन्धुली, फोन: ०४७-५२०३५२

E-mail: dicofsindhuli130@gmail.com, Website: www.dculsindhuli.org.np

मुद्रण: लालीगुराँस अफसेट प्रेस क.न.पा.-६, रातमाटा, सिन्धुली फोन नं.: ९८५४०४१४८३

"गुणस्तरियता, विश्वसनियता तथा संचालन प्रकृयामा शुद्धता ;
निति, विधि र प्रविधियूक्त सहकारी वनाउने संघको प्रतिवद्धता"

"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी"

# जिल्ला सहकारी संघ, लिमिटेड

कमलामाई नगरपालिका -६,माझीवजार, सिन्धुली

मिति –२०७८।५।१६

च.नं १४

प.सं ७८।०७९

विषय — २८औं वार्षिक साधारणसभा तथा कार्यालय उद्घाटन कार्यक्रममा उपस्थिति सम्बन्धमा ।

श्री संपूर्ण सहकारी संघ,संस्थाका
प्रतिनिधी सदस्य ज्यूहरु

यस जिल्ला सहकारी संघको २८ औं वार्षिक साधारण सभा तथा एकिकृत साधारणसभा एवं जिल्ला संघको कार्यालय समुद्घाटन कार्यक्रम निम्न मिति, स्थान र समयमा तपशिलमा उल्लेखित विषयहरुमाथि छलफल गरी सम्पन्न हुने भएकाले त्यस गरिमामय कार्यक्रममा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

तपशिल

१. संघको आ.व. २०७७।७८ को अध्यक्षको प्रतिवेदन पेश तथा पारित गर्ने ।
२. संघको महासचिवको प्रगति प्रतिवेदन एवं प्रस्तावित निति तथा कार्यक्रम पेश तथा पारित गर्ने ।
३. संघको आ.व. २०७७।७८ को आर्थिक प्रतिवेदन पेश तथा पारित गर्ने ।
४. संघको आ.व. २०७८।७९ को लागि लेखापरिक्षक नियुक्त गर्ने ।
५. संघको विनियम पुनरलेखन गर्ने सम्वन्धमा ।
६. संघको प्रस्तावित नितिहरु अनुमोदन गर्ने सम्वन्धमा ।
७. केन्द्रीय तथा प्रदेश प्रतिनिधी चयन गर्ने सम्वधमा।
८.साधारण सभाको पुस्तिकामा अन्तिम हस्ताक्षर गर्ने प्रतिनिधी चयन सम्वधमा।
९. विविध ।

कार्यक्रम तालिका

मिति – २०७८।६।१ गते शुक्रवार
समय – दिनको ठिक ११ वजे
स्थान – कमलामाई पार्टि प्यालेस,
धुरावजार सिन्धुली

( नवराज कोइराला )
महासचिव
जिल्ला सहकारी संघ, सिन्धुली

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल



# शुभकामना

श्री जिल्ला सहकारी संघ लि.,
सिन्धुली

मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि सार्वजनिक, निजी र सरकारी क्षेत्र सहितको तीन खम्वे अर्थनीतिलाई प्राथमिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागर भएको व्यहोरा विदितै छ । कोभिड-१९ को महामारीको समयमा सहकारी अभियानको महत्व थप उजागर भएको छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको भूमिका अपरिहार्य रहेकोले सहकारी संघहरुबाट सरोकारवाला निकायहरु वीच समन्वयकारी भूमिका निर्वाह हुने अपेक्षा राखेका छौं ।

संयुक्त राष्ट्र संघले सन् २०३० सम्मको लागि तय गरेको दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि समेत विविध कार्यक्रमहरु तर्जुमा गर्दै र आवद्ध संस्थाहरुले गरेका कार्यहरुको अभिलेखसमेत संकलन गर्ने कार्यलाई संघले अगाडि बढाउन आवश्यक रहेको छ ।

सिन्धुली जिल्लाका सहकारी संघ/संस्थाहरुको विकास र प्रबर्द्धनमा क्रियाशिल जिल्ला सहकारी संघ लि. सिन्धुलीले २८औं बार्षिक साधारण सभाको अवसरमा संघका गतिविधिसहितको बार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

यस अवसरमा संघका पदाधिकारी, कर्मचारी तथा आबद्ध सदस्यहरूमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको तर्फबाट हार्दिक वधाई ज्ञापन गर्न चाहान्छौं । साथै प्रकाशन गर्न लागिएको प्रतिवेदनले त्यस संघको गतिविधिहरुको विषयमा महत्वपूर्ण जानकारी दिने विश्वास लिएका छौं । संघले कोभिड १९ महामारीको विषम परिस्थितिमा समुदाय र सहकारी अभियानको सुदृढीकरणका लागि गरेको महत्वपूर्ण योगदानको स्मरण गर्दै हार्दिक धन्यवाद ज्ञापन समेत गर्न चाहान्छौं ।

आबद्ध सहकारी संस्थाहरुको कारोवारलाई व्यवस्थित रुपमा सुसंचालन गर्न/गराउन त्यस संघले गरेका प्रयासहरू प्रशंसनिय रहेका छन् । सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सहकारी संस्थाहरुलाई आवद्ध गर्दै सु-संचालनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमलाई अझ ब्यापक रुपमा संचालन गरी सहकारीको गुणात्मक विकासमा योगदान दिन संघले भुमिका निर्वाह गर्ने छ भन्ने विश्वासका साथ एकीकरण अभियान प्रभावकारी रुपमा संचालन गर्ने अपेक्षा गर्दछौं ।

अन्त्यमा, सहकारी सिद्धान्तको पूर्णपालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरुले दिशानिर्देश गर्ने अपेक्षाका साथ संघको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

धन्यवाद ।

मिति ०७८।०५।२७

(मिनराज कँडेल )
अध्यक्ष

G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np

सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक
National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)



# हार्दिक शुभकामना

प्रस्तुत विषयमा **कमलामाई नगरपालिका ६ माढीबजार ,सिन्धुली** स्थित **जिल्ला सहकारी संघ लि** को २८ औं वार्षिक साधारण सभा तथा कार्यालय उद्घाटनको अवसरमा प्रस्तुत गर्ने वार्षिक प्रगति प्रतिवेदन कार्ययोजना ,लेखा प्रतिवेदन तथा विविध गतिविधि समेटेर " **स्मारिका** " प्रकाशन गरि सदस्य माझ पुर्याउन लागेको थाहा पाँउदा अत्यन्त खुशी लागेको छ ।

यस सहकारि संघले सहकारी र कृषि क्षेत्रमा पुर्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र व्यवस्थापनमा संचालन हुने सहकारि पद्धति मार्फत आम समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुर्याएको योगदानको कदर गर्दछु ।

विश्वव्यापी महामारिको रुपमा फैलिएको कोभिड १९ (कोरोना) महामारिको कारण देशमा असहज परिस्थिति भएता पनि आफ्ना सदस्यहरुलाई एकताबद्ध राख्न संस्थाका गतिविधि तथा सेवाको विषयको जानकारि दिन संस्थागत सुशासन कायम राखी सहकारी, अभियानलाई मुर्त रुप दिनको लागि ." **स्मारिका** " प्रकाशन गर्न लागेकोमा अत्यन्त सराहना व्यक्त गर्दछु ।

साथै गरीबि न्यूनिकरण लैंगिक समानता र सामाजिक सद्भाव कायम गरी देशको समग्र आर्थिक विकास गर्न रोजगारी सिर्जना गर्न छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारिको अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि संचालन गरी सहकारी अभियानमा अग्रणी स्थान हासिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित यस सहकारि संघको ." **स्मारिका** " प्रकाशनको पूर्ण सफलताको तथा कार्यालय उद्घाटनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिती : २०७८/०९/२७

केबी उप्रेती
अध्यक्ष

# जिल्ला सहकारी संघ लि. सिन्धुली
# DISTRICT CO-OPERATIVE UNION LTD. SINDHULI

**२८औ वार्षिक साधारणसभामा (१ असोज २०७८) मा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री कृष्णराज के.सीको मन्तव्य**



कृष्णराज के.सी.
अध्यक्ष

जिल्ला सहकारी संघ लि., सिन्धुलीको २८ औं वार्षिक साधारणसभा तथा कार्यालय समलाई भौतिक तथा भौतिक रुपमा सहभागिता जनाउनु हुने आदरणिय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथि तथा अतिथिज्यूहरु, सञ्चारकर्मी मित्रहरु, संस्थाको सर्वोच्च निकाय वार्षिक साधारणसभामा सहभागी शुभेच्छुक सम्पूर्ण सदस्य महानुभावहरु एवम् सहभागी सबैमा सञ्चालक समितिको तर्फबाट जय सहकारीको हार्दिक नमन एवं स्वागत गर्न चाहन्छु ।

समादरणीय महानुभावहरु,

"गुणस्तरियता विश्वसनियता तथा संचालन प्रकृयामा शुद्धता, निति, विधि र प्रविधियुक्त सहकारी बनाउने संघको प्रतिवद्धता" भन्ने मुल नारा सहित सहकारी यात्रामा अगाडी बढीरहेको यो संघ सहकारी सिद्धान्त र मूल्य मान्यताहरुलाई पालन गर्ने, सदस्यहरुलाई भेदभाव रहित र पक्षपात रहित ढंगले सरल वित्तिय सुविधाहरु उपलव्ध गराउने र सामाजिक तथा गैरवित्तिय क्रियाकला पहरुमा सहभागी भई रहेका छौं । हामीले वार्षिक साधारणसभामा संस्थाको आर्थिक र समग्र गतिविधिहरु पारदर्शी रुपमा राख्ने गरेका छौं । हाम्रा सदस्य र समाजले समेत त्यस बारे जान्ने बुझ्ने, चासो राख्ने र अपनत्व राख्न पाउने, संघको सञ्चालनमा प्रत्यक्ष भुमिका खेल्ने र प्रगतिमा गौरववोधको अनुभुति दिलाउन यथा सम्भव कोशिश गरिरहेका छौं । हाम्रो लगानी, विश्वास र प्रतिवद्धताले सहकारी क्षेत्रबाट पनि हामी र हाम्रो समाजलाई अगाडि बढाउने अनेकन् सम्भावनाहरु देखा परेका छन् । सहकारीलाई समुदायमा आधारित र सदस्य केन्द्रित बनाउने, आधुनिक व्यवसायिक सिद्धान्त र अभ्यासलाई आत्मसात गर्ने र समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा योगदान दिने उद्देश्यले अघि बढिरहेका छौं । यसमा हामीले सफलता हासिल पनि गरिरहेका छौं र अनेकन् राम्रा अवसरहरुलाई उपयोग र चुनौतिहरुसँग सामना गर्ने सामर्थ्यता विकास गरिरहेका छौं । संघको नियमित सञ्चालन र व्यवस्थापनमा सहकार्य अलावा यस वर्षको कोभिड १९ को जोखिमलाई पनि परवाह नगरि सार्वभौम वार्षिक साधारणसभामा सदस्यहरुको उत्साहजनक सहभागिताले यही कुरा सिद्ध गर्दछ । यो वार्षिक साधारणसभाले संस्थाको विगत एक वर्षको गम्भिर समिक्षा र दीगो तथा दुरगामी भविष्य निर्माणका लागि महत्वपूर्ण भुमिका खेल्ने विश्वास लिएका छौं ।

यो संघ २०५० सालमा स्थापनाभई क्रियाशिलभएको जिल्लाका सम्पूर्ण सहकारी संघ/संस्थाहरुको सबै भन्दा ठुलो छाता संघ हो । जिल्लामा रहेका सबै प्रकारका सहकारीहरुलाई एकीकृत र संगठित गर्दै सदस्य संस्थाहरुको क्षमता अभिबृद्धी गर्न तालीम, गोष्ठि, सेमिनार, अवलोकन भ्रमण आदिको आयोजना गर्ने, सदस्य संस्थाहरुमा आइपरेका समस्याहरुको बारेमा बोल्ने, सहकारीमैत्री कानून निर्माण गर्न राज्यका सम्बन्धित निकाय सँग लविङ गर्ने, दवाव सिर्जना गर्ने, सहकारी सम्बन्ध नागरिकमा चेतना अभिबृद्धि गर्न कार्यक्रम संचालन गर्ने काम यस संघले गर्दछ । सहकारी समुदायका मानिसहरुको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरण लागि महत्वपूर्ण माध्यम भएको

कुरालाई आत्मसाथ गर्दै सोही भावना अनुरुप संचालन हुन आम सहकारी संघ/संस्था र संचालकहरुलाई अनुरोध गर्दछु । सहकारीका सिद्धान्त, मूल्यमान्यता, सहकारी ऐन र नियम बमोजिम सहकारी संस्था संचालन गर्नु पर्दछ । सहकारी ऐन २०३१ खारेज भई नयाँ सहकारी ऐन २०४८ ले सहकारी श्रेत्र माव्यापक परिर्वत भई दिनाले सहकारी संघ/संस्थादर्ता र स्वःस्फूर्त ढँगले संचालन गर्न पाउने स्वायतता पाएको थियो । यसै सन्दर्भमा नेपाल राष्ट्रिय सहकारी संघको स्थापनाको लागि जिल्ला सहकारी संघहरुको गठनको आवश्यकता भएकोले यस जिल्लामा संचालनमा रहेको मात्र ११ वटा संस्थाहरुले २०५० भाद्र ९ गते विद्यिवत रुपमा जिल्ला सहकारी संघ सिन्धुली स्थापना भएको थियो ।

स्थापनाकालको लगत्तै ०५१/५२ देखि माओवादी जन युद्ध सुरु भएपछि नौं सदश्यीय संचालक समितिका पदाधिकारीहरु त्यसको प्रभावले गाँउ नगर देखि विस्थापित भएपछि जिल्ला संघ स्थापना गर्ने कार्यमा अहम भूमिका निर्वाह गरेको म आफूले संघको अस्तित्व कायम राख्न जिम्मेवारी सम्हाल्न वाध्यता हुनु पर्‍यो । राष्ट्रिय सहकारी संघको सदस्य भएको नाताले उक्त संघले संचालन गरेको कारोवार जस्तै मलखाद, सिमेन्ट, सौर्यउर्जा, वायोग्यास र वैदेशिक रोजगार सम्बन्धि कामहरु निजि पूँजी लगानीमा संचालन गरी केही हदसम्म कामहरु भए गरेको थियो र पछिल्लो अवस्थामा सहकारी बैंक स्थापनामा पनि जिल्ला सहकारी संघको योगदान रहेको छ । तर संघको आफ्नो श्रोत साधन तथा पूँजी अभावको कारणले कारोवारलाई निरन्तरता दिन नसकेकोले आर्थिक उपार्जन हुन सकेन; संघको दैनिक कार्य संचालन एवं प्रशासनिक कार्यमा आवश्यक पर्ने घर, घरभाडा, कर्मचारी र आवश्यक भौतिक सामानको अभावमा संघको आफ्नो उद्धेश्य, कार्यहरु र सदश्य संस्थाहरुलाई पुऱ्याउनु पर्ने सेवाहरु पुऱ्याउनु नसकेको सबैमा महशुस भएको कुरा हो ।

यस गरिमामय साधारण सभामा अध्यक्षले आफ्नो प्रतिवेदनमा संघको बर्ष भरिको उन्नति प्रगति हासिल गरेको उपलब्धि र आगामी बर्षमा हासिल गर्न सक्ने अनुमानित बार्षिक लक्ष्य बजेट व्यवस्थाको प्रतिवेदनमा कुराहरु उल्लेख हुनुपर्नेमा संघको कथा व्यथा र आर्थिक खाड्लहरुले अफ्ठ्यारो पारेको प्रतिवेदन सदस्यहरुलाई सुनाउनु पर्दा म आफै दुखित छु । साथै वास्तविक विषय वस्तुहरुलाई सबै समक्ष राखेर आगामी दिनहरुमा सबैको साथ सहयोगमा सहकार्य गरेर सहकारीता भावनाले कामगर्दै अघि बढेमा असम्भव पनि छैन र पक्कै गन्तब्यमा पुगिन्छ भन्ने आशा लिएको छु ।

पंचायति राज्य ब्यवस्थाको अवस्थामा जन्मेको यस संघले सहकारी ऐन २०४८ पछि २०७४ सम्म आईपुग्दा जिल्ला भरिमा ५११ भन्दा बढी सहकारी संघ/संस्थाहरुको अभिभावक हुनुपर्ने अवस्था आएको छ । ऐन नियमको परिर्वतनका साथ साथै स्थानिय प्रदेश र केन्द्र सरकारबाट संचालनहुने गतिविधिहरुलाई समय सपक्ष अनुसरण गर्दै संघलाई आर्थिक रुपले सक्षम बनाउने कार्यमा अन्तर सहकारी सम्बन्धलाई अबलम्वन गर्नुका साथै स्थानिय देखि केन्द्र सम्मका निकायहरु समन्वय कायम गरी संघ संस्थाहरुको हितमा निरन्तर भूमिका निर्वह गर्ने कार्यमा संघको नेतृत्व गर्ने सक्रिय टिमको साथ पाएको छु । यसको लागि आज सम्पन्न भई रहेको गरिमामय साधारण सभामा संस्थाको तर्फबाट प्रतिनिधित्वा गरिरहनु भएका सदश्यहरुले सौहार्द वातावरणमा संघको आगामी वर्षका लागि दिशा निर्दिष्ट गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

जय सहकारी ! ! !

# जिल्ला सहकारी संघ लि. सिन्धुली
## DISTRICT CO-OPERATIVE UNION LTD. SINDHULI



### २८औं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन

नवराज कोइराला
महासचिव

कार्यक्रमका अध्यक्ष ज्यू, प्रमुख अतिथिज्यूहरु, विशिष्ट अतिथि, अतिथिज्यू,हरुविभिन्न संघ/संस्था कार्यालयबाट पाल्नु भएका अतिथिज्यूहरु, संञ्चारकर्मी साथीहरु, विभिन्न भुगोलवाट यो साधारण सभामा सहभागी हुनआउनु भएका आदरणीय प्रतिनिधि सहकारीकर्मी मित्रहरु, यहाँहरु सबैमा संघको महासचिवको हैसियतले हार्दिक स्वागत तथा न्यानो सहकारीय अभिवादन व्यक्त गर्दछु । यस संघको गरिमामय २८औँ वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन प्रस्तुत गर्न पाँउदा मलाई गौरव महसुस भइरहेको छ ।

जिल्ला सहकारी संघ लिमिटेड. सिन्धुली २०५० सालमा स्थापनाभई सिन्धुली जिल्लामा रहेका सबै प्रकारका सहकारी संघ/संस्थाहरुको प्रमुख संगठन हो । सिन्धुली जिल्लामा दर्ता भएका सबै प्रकारका सहकारी संघ/संस्थाहरु यस संघमा आबद्ध हुन सक्छन् र भईरहेका छन् । संघ स्थापनाको २८ वर्ष पुरा भए पनि विगतका वर्ष देखि मात्र संघका गतिविधिहरु क्रियाशिलरुपमा सञ्चालन हुँदै आएका छन् । यस संघमा ०७८ असार मसान्त सम्म जिल्लामा दर्ता भएका ५१९ सहकारी संघ, संस्थामध्ये १७३ वटा संघ/संस्थायसमा आवद्ध भईसकेका छन् । संघको प्रमुख कार्य सदस्यहरुको क्षमता अभिबृद्धीका लागि तालिम गोष्ठी आयोजना गर्नु, सहकारीका विभिन्न सूचनाहरु प्रारम्भिक सहकारी संस्थाहरु सम्म पुऱ्याउनु, सहकारीका ऐन नियमावलीहरुमा देखिएका कमी कमजोरीहरु सुधार गरी सदस्यमैत्री कानुन निर्माण गर्न दबाब सिर्जना गर्ने, राष्ट्रिय सहकारी महासंघ, जिल्ला संघ र प्रारम्भिक संस्थाहरुलाई जोड्ने पुलको काम गर्ने मुख्य कार्य यस संघको हो ।

विश्वव्यापी रुपमा गरिवीनिवारणको प्रमुखमाध्यमको रुपमा सहकारीलाई स्वीकार गरिसकेको वर्तमान अवस्थामा देश भर सहकारी जागरण सम्बन्धी विभिन्न चरणमा गतिविधि मार्फत समुदाय सचेतनाको स्तरमा बृद्धि भईरहँदा हामीले संघको लामो समय सम्मको स्थीरताको वावजुदपनि यस वर्ष समय अगावै २८ औ वार्षिक साधारण सम्पन गरि सभाको उपलब्धिलाई सोही अभियान सँग जोडेर हेर्न सम्पूर्ण प्रारम्भिक सहकारी संस्थाहरु सफल हुनु पर्छ भन्ने कुरामा हामी विश्वस्त छौं । यदाकदा छिटपुट रुपमा सहकारी क्षेत्रमा केही नकारात्क घटनाहरु हुने गरेता पनि हामीले त्यस्ता कार्यलाई सुधार गर्दै लैजानु पर्ने आवश्यक देखिएको छ ।

सभाध्यक्ष महोदय

अव म आ.ब २०७७/०७८ सहित हिजोको दिन सम्ममा यस संघले गरेका गतिविधि प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१) संघको वर्तमान अवस्था :**

जिल्ला सहकारी संघ लामो समय सम्म निष्कृय रहेता पनि २०७७ चैत्र १३ गते सम्पन्न साधारण सभा तथा अधिवेशन वाट १५ सदसिय संचालक समिति तथा ३ सदसिय लेखा तथा सुपरिवेक्षण समिती नारायण प्रसाद वराल, ललराम अधिकारी र शकुन्तला राईको ३ सदसीय निर्वाचक मण्डलले सर्वसम्मत रुपमा निर्वाचन सम्पन्न

**गरि सपथ ग्रहणको कार्य समेत सम्पन्न गराउनु भएको थियो । हरेक महिनाको १५ गते नियमित वैठक संचालनको पद्धतिको विकास भएको छ । संघको कार्यालय संचालन नहुदा सम्मको वखतमा जिल्ला संघको नियमित वैठक संचालका लागि, सिन्धु साकोस, स्वर्णिम साकोस, नमुना वहुउद्धेशीय सहकारी संस्था, दुग्धउत्पादक सहकारी संघ, राष्ट्रिय सहकारी बैंकले वैठक सौजन्य गरि संस्थाहरु कै कार्यालयमा बैठक बस्ने व्यवस्था मिलाएको थियो । यस आ.व.मा संघको संचालक समितिको बैठक ५ पटक, लेखा सुपरिवेक्षण समितिको बैठक १ पटक बसेको छ ।**

**२) संघको वर्तमान संचालक समिती तथा उप-समिति एवं सल्लाहकार समिती :**

**नव गठीत संचालक समितीको पहिलो तथा दोश्रो बैठकबाट संघको संचालन तथा व्यवस्थापनका लागि निम्न अनुसारको विभिन्न उप-समिति तथा सल्लाहकार समिती छनौट गरि पत्राचार गरिएको छ । संघको संचालक समिति, उप-समिति, सल्लाहकारहरुको नामावली तथा सम्पर्क नम्बर र प्रतिनिधीत्व गरेको संस्थाको नाम निम्न अनुसार रहेको छ ।**

| | संचालक समिति | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **संचालकको नाम** | **ठेगाना** | **प्रतिनिधित्व गरेको संहकारी संघ तथा संस्थाहरुको नाम** | **ठेगाना** | **सम्पर्क नम्वर** |
| १ | कृष्णराज के.सी | अध्यक्ष | शिद्धेश्वर बहुमुखि सहकारी संस्था लि. | क.न.पा-६, सिन्धुली | ९८४४०४११३० |
| २ | वाल कूमारी श्रेष्ठ | उपाध्यक्ष | वचत तथा ऋण सहकारी संघ लि. | क.न.पा-६, सिन्धुली | ९८५०४२४५५ |
| ३ | रामवहादुर वि.क | उपाध्यक्ष | कृषि सहकारी संघ लि. | क.न.पा-५ मघुटार | ९८४४०४०४८३ |
| ४ | नवराज कोइराला | महा सचिव | उपभोक्ता सहकारी संघ लि. | क.न.पा-६, सिन्धुली | ९८४४०४५४५५ |
| ५ | विमलाथापा | कोषाध्यक्ष | सौगात लघुउद्यम सहकारी संस्था लि. | क.न.पा-६, सिन्धुली | ९८४९५५०७४७ |
| ६ | निर्मल कूमार रम्तेल | सचिव | जुनार उत्पादक सहकारी संघ लि. | क.न.पा-६, सिन्धुली | ९८५४०८०२५० |
| ७ | खडानन्द तिमलसिना | सदस्य | वहुउद्धेश्य सहकारी संघ लि. | क.न.पा-६, सिन्धुली | ९८५४०४०८२७ |
| ८ | नवराज गजुरेल | सदस्य | दुग्ध उत्पादक सहकारी संघ लि. | क.न.पा-५, सिन्धुली | ९८४४०७५९६९ |
| ९ | टिकाजंग थापा | सदस्य | शिद्धवावा संचार सहकारी संस्था लि. | क.न.पा-४, सिन्धुली | ९८५४०४१३०० |
| १० | राधाकार्की | सदस्य | खुशियाली कृषि तथा उद्यमशिल स. सं. | दुधौली, सिन्धुली | ९८०७७२०५५४ |
| ११ | घन वहादुर भुजेल | सदस्य | सिन्धुली कर्मतारा कृषि सहकारी सस्था | क.न.पा-६, सिन्धुली | ९८४४०८२५४५ |
| १२ | देव वहादुर वुढाथोकी | सदस्य | रुद्राक्ष वचत तथा ऋण सहकारी संस्था | दुधौली न.पा ११ | ९८५४०४००८९ |
| १३ | सावित्रा पौडेल | सदस्य | मिलीजुली वचत तथा ऋण सहकारी सं | क.न.पा-६, सिन्धुली | ९८४४०४३४९९ |
| १४ | कुन्जरमणी वराल | सदस्य | डुडभन्ज्याङ कृषि सहकारी सूंस्था लि. | गोलन्जोर-१, सिन्धुली | ९८४४१९७९६१ |
| १५ | यज्ञ वहादुर आचार्य | सदस्य | सल्लेरी कृषि सहकारी सस्था लि. | सुनकोशी, सिन्धुली | ९८४४०४५७७८ |
| | | | | | |
| **लेखा तथा सूपरिवेक्षण समिति** | | | | | |
| १ | वद्रि नारायण श्रेष्ठ | संयोजक | राष्ट्र सेवक वचत तथा ऋण स.स.लि. | क.न.पा-६, सिन्धुली | ९८४४०४५९८२ |
| २ | पार्वती भण्डारी | सदस्य | सगरमाथा महिला वचत तथा ऋण स.स. | दुधौली -२, सिन्धुली | ९८१४८९४४६० |
| ३ | मन्जु वि.क. | सदस्य | महाकाली कृषि तथा उद्यमशिल स. सं. | तिनपाटन २, सिन्धुली | ९८०८७५०९६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षा तथा तालिम उप समिती | | | | | |
| १ | देव वहादुर वुढाथोकी | संयोजक | रुद्राक्ष वचत तथा ऋण सहकारी संस्था | दुधौली न.पा.-११ | ९८५४०४००८९ |
| २ | रेशम पोखरेल | सदस्य | कमलामाई वहुउद्धेशीय स.स.लि. | क.न.पा-४, सिन्धुली | ९८५४०४१४८० |
| ३ | चक्रवहादुर श्रेष्ठ | सदस्य | जन कल्याण वचत तथा ऋण स.स. लि. | सुनकोशी सिन्धुली | ९८४४५६१०६६ |
| ऋण उप समिति | | | | | |
| १ | खडानन्द तिमल्सिना | संयोजक | वहुउद्धेश्यीय सहकारी सघ लि. | क.न.पा-६, सिन्धुली | ९८५०४०८२७ |
| २ | कृष्ण वहादुर श्रेष्ठ | सदस्य | स्वर्णिम भविश्य वचत तथा ऋण स.स. | क.न.पा-५, सिन्धुली | ९८४१३७३३०५ |
| ३ | शंभु प्रसाद दाहाल | सदस्य | सान्त्वना वचत तथा ऋण स. सं. लि. | दुधौली नगरपालीका | ९८१४७५४१४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| अतिथि सत्कार तथा सामाजिक कृयाकलाप उप समिति | | | | | |
| १ | नवराज गजुरेल | संयोजक | दुग्ध उत्पादक सहकारी संघ लि. | क.न.पा-५, सिन्धुली | ९८४४०७५९६९ |
| २ | सिताराम पहाडी | सदस्य | नमुना वहुउद्धेशीय स.स.लि. | क.न.पा-६, सिन्धुली | ९८५४०४१००६ |
| ३ | महेन्द्र देव श्रेष्ठ | सदस्य | सहकार्य वचत तथा ऋण स. संस्था लि | क.न.पा-६, सिन्धुली | ९८४४०८६३२६ |

| | | | | | |
|---|---|---|---|---|---|
| कृषि तथा व्यवसाय प्रवर्धन उप समिति | | | | | |
| १ | कुन्जरमणी वराल | संयोजक | डुड भन्ज्याङ कृषि सहकारी संघ लि. | गोलन्जोर-१, सिन्धुली | ९८४४१९७९६१ |
| २ | इन्द्र भुजेल | सदस्य | अनुग्रह वचत तथा ऋण स.स.लि. | क.न.पा-६, सिन्धुली | ९८४४०४२२७६ |
| ३ | राजकुमार श्रेष्ठ | सदस्य | ऊँ वचत तथा ऋण स.स.लि. | क.न.पा-६, सिन्धुली | ९८४४०४०३०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| शेयर सदस्यता एवं वचत विस्तार उप समिति | | | | | |
| १ | घन वहादुर भुजेल | संयोजक | सिन्धुली कर्मतारा कृषि सहकारी सस्था | क.न.पा-६, सिन्धुली | ९८४४०८२५४५ |
| २ | राम प्रसाद भण्डारी | सदस्य | त्रिवेणी वचततथा ऋण स.स.लि. | पिलक्कल-६,सिन्धुली | ९८०१६५५२४२ |
| ३ | महेन्द्र वहादुर सुनुवार | सदस्य | जडीवुटी सहकारी संघ, सिन्धुली | क.न.पा-६, सिन्धुली | ९८४४०८६१११ |

| | | | | | |
|---|---|---|---|---|---|
| निरीक्षण तथा अनुगमन उप समिति | | | | | |
| १ | सावित्रा पौडेल | संयोजक | मिलीजुली वचत तथा ऋण स. सं लि. | क.न.पा-६, सिन्धुली | ९८४४०४३४९९ |
| २ | रमाकान्त सुवेदी | सदस्य | सिन्धुली एकता वचत तथा ऋण स. | क.न.पा-६, सिन्धुली | ९८४४०४०६१७ |
| ३ | कृष्णहरी घिमिरे | सदस्य | शिक्षकहित वचत तथा ऋण स.स.ली | क.न.पा-६, सिन्धुली | ९८०७८७४०२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| सल्लाहकाहरु | | | | | |
| १ | कृष्ण प्रसाद गौतम | सल्लाहकार | सिन्धुली गढी जडीवुटी सहकारी सं लि. | क.न.पा-३, सिन्धुली | ९८१७६५४२८३ |
| २ | मदनकुमार थापा | सल्लाहकार | भिमेश्वर पशुपालन स.स.लि. | गोलन्जोर ७, सिन्धुली | ९८४३९३४२७६ |
| ३ | अशोक श्रेष्ठ | सल्लाहकार | सिन्धुलीश्री वचत तथा ऋण स.स.लि. | क.न.पा-६, सिन्धुली | ९८४१५३०८६६ |
| ४ | खेटराजअधिकारी | सल्लाहकार | स्वावलम्वी वचततथा ऋण स.स.लि. | दुधौली नगरपालीका | ९८५४०४११६३ |
| ५ | विष्णु प्रसाद देवकोटा | सल्लाहकार | महाभारत दुग्ध उत्पादक स.स.लि. | गोलन्जोर , सिन्धुली | ९८४१८७५७०८ |

| पालिका स्तरिय सहकारी संजाल संयोजक | | | | | |
|---|---|---|---|---|---|
| १ | कृष्ण राज के. सी | संयोजक | हरिहरपुरगढी गाउँपालीका | क.न.पा-६, सिन्धुली | ९८४४०४११३० |
| २ | वालकुमारी श्रेष्ठ | संयोजक | कमलामाई नगरपालीका | क.न.पा-६, सिन्धुली | ९८५०४२४५५ |
| ३ | रामवहादुर वि.क. | संयोजक | ध्याङलेख गाउँपालीका | क.न.पा-६, सिन्धुली | ९८४४०४०४८३ |
| ४ | नवराज कोइराला | संयोजक | मरिण गाउँपालिका | क.न.पा-६, सिन्धुली | ९८४४०४५४५५ |
| ५ | खडानन्द तिमल्सिना | संयोजक | तिनपाटन गाउँपालीका | क.न.पा-६, सिन्धुली | ९८५४०४०८२७ |
| ६ | निर्मल कूमार रम्तेल | संयोजक | गोलन्जोर गाउँपालीका | क.न.पा-६, सिन्धुली | ९८५४०८०२५० |
| ७ | पार्वती देवी भण्डारी | संयोजक | दुधौली नगरँपालीका | दुधौली-२, सिन्धुली | ९८१७८१८१७१ |
| ८ | राम प्रसाद भण्डारी | संयोजक | फिक्कल गाउँपालीका | पिलक्कल-६,सिन्धुली | ९८०१६५५२४२ |
| ९ | मिथुला प्याकुरेल | संयोजक | सुनकोशी गाउँपालीका | सुनकोशी, सिन्धुली | ९८५४०४१९४६ |

### ३) जिल्लामा रहेका प्रारम्भिक संस्थाहरुको विवरण (०७८ असार मसान्त सम्म)

| सि.न | सहकारी संस्थाको प्रकार | संख्या |
|---|---|---|
| १ | जिल्ला सहकारी संघ लि, सिन्धुली | १ |
| २ | बचत तथा ऋण सहकारी संघ लि., सिन्धुली | १ |
| ३ | कृषि सहकारी संघ लि.सिन्धुली | १ |
| ४ | जिल्ला उपभोक्ता सहकारी संघ लि, सिन्धुली | १ |
| ५ | दुग्धउत्पादन सहकारी संघ लि, सिन्धुली | १ |
| ६ | बहुउद्देश्यीय सहकारी संघ लि, सिन्धुली | १ |
| ७ | जुनार उत्पादन सहकारी संघ लि, सिन्धुली | १ |
| ८ | जडीवुटी सहकारी संघ लि, सिन्धुली | १ |
| ९ | वचत तथा ऋण सहकारी संस्थाहरु | १४४ |
| १० | कृषि सहकारी संस्थाहरु | १८९ |
| ११ | वहुउदेशीय सहकारी संस्थाहरु | ३३ |
| १२ | जुनार उत्पादक सहकारी संस्थाहरु | ३२ |
| १३ | उपभोक्ता सहकारी संस्थाहरु | २१ |
| १४ | जडीवुटी सहकारी संस्थाहरु | २० |
| १५ | दुग्धउत्पादक सहकारी संस्थाहरु | १९ |

| सि.न | सहकारी संस्थाको प्रकार | संख्या |
|---|---|---|
| १६ | लघुउद्यम सहकारी संस्थाहरु | ११ |
| १७ | फलफुल उत्पादक सहकारी संस्थाहरु | ९ |
| १८ | विद्युत सहकारी संस्थाहरु | ७ |
| १९ | मौरिपालन सहकारी संस्थाहरु | ६ |
| २० | पशुपालन संस्थाहरु | ५ |
| २१ | स्वास्थ्य सहकारी संस्थाहरु | ४ |
| २२ | संचार सहकारी संस्थाहरु | ३ |
| २३ | पर्यटन सहकारी संस्थाहरु | ३ |
| २४ | मत्स्यपालन सहकारी संस्था | २ |
| २५ | खानेपानी सहकारी संस्था | १ |
| २५ | पशुपंक्षि सहकारी संस्था | १ |
| २७ | वन पैदावार सहकारी संस्था | १ |
| | **जम्मा** | **५१९** |

**४) कोभिडका समयमा जिल्लामा संचालीत सहकारी संघ तथा संस्थाहरुवाट स्वेच्छिक रुपमा सहयोग संकलन गरि बजार क्षेत्रका ३५ सहकारी संस्थाका कर्मचारी हरुलाई फेससिल तथा माक्स वितरण गरिएको तथा कोभिड अस्पताल सिन्धुलीलाई पि.पि.ई सेट, फेससिल तथा माक्स जस्ता स्वास्थ्य सामाग्री हस्तान्तर गरिएको छ ।**

**जिल्ला सहकारी संघको कोभिड राहत सहयोग कार्यक्रममा सहभागीताजनाउनुहुे व्यक्तितथा संस्थाको विवरण**

| क्र.स. | सहयोगी संस्थातथाव्यक्तिको नाम | संलग्न व्यक्ति | बैंक दाखिला |
|---|---|---|---|
| १ | उपभोक्ता सहकारी संघ | नवराज कोइराला | ५,०००.०० |
| २ | दुग्धउत्पादक सहकारी संघ | नवराज गजुरेल | ५,०००.०० |
| ३ | वहुउद्धेशीय सहकारी संघ लि. | खडानन्द तिमलिसना | ५,०००.०० |
| ४ | हातेमालो सानाकिसान कृषि सहकारी संस्था लि. | रामवहादुर वि.क. | ५,०००.०० |
| ५ | मिलीजुलीवचततथा ऋण सहकारी संस्था लि. | सावित्रापौडेल | ५,०००.०० |
| ६ | सिन्धुलीगढी वचततथा ऋण सहकारी संस्था लि. | शकर चौलागाई | ५,०००.०० |

| | | | |
|---|---|---|---|
| ७ | सहकार्य वचततथा ऋण सहकारी संस्था लि. | गिरीजावावु श्रेष्ठ | ५,०००.०० |
| ८ | कमलामाई उपभोक्ता सहकारी संस्था लि. | रेजीनाश्रेष्ठ | ५,०००.०० |
| ९ | नमुना वहुउद्धेशीय सहकारी संस्था लि. | तेजेन्द्र खड्का | ५,०००.०० |
| १० | शिद्धेश्वर वहुउद्धेशीय सहकारी संस्था लि. | महेन्द्र प्रसाद ढकाल | ५,०००.०० |
| ११ | राष्टिय सहकारी वैक सिन्धुली शाखाका प्रवन्धकबाट | श्रवण नेवा खड्गी | ५,०००.०० |
| १२ | राष्टसेवकवचततथा ऋण सहकारी संस्था लि. | वद्रि नारायण श्रेष्ठ | ५,०००.०० |
| १३ | सिन्धुलीश्री वचततथा ऋण सहकारी संस्था लि. | अशोक कूमार श्रेष्ठ | ५,०००.०० |
| १४ | समय वचततथा ऋण सहकारी संस्था लि. | रामवजु | ५,०००.०० |
| १५ | ऊँवचततथा ऋण सहकारी संस्था लि. | राजकुमार श्रेष्ठ | ५,०००.०० |
| १६ | स्वर्णीम भविश्यवचततथा ऋण सहकारी संस्था लि. | मोहनवहादुर श्रेष्ठ | ४,०००.०० |
| १७ | वचततथा ऋण सहकारी संघ | वालकुमारी श्रेष्ठ | ३,५००.०० |
| १८ | लाली गुराँस उपभोक्ता सहकारी संस्था लि. | किरण श्रेष्ठ | ३,०००.०० |
| १९ | शिद्धवावा वचततथा ऋण सहकारी संस्था लि. | गोकर्ण सुवेदी | ३,०००.०० |
| २० | जिल्लाजुनार उत्पादक सहकारी संघ लि. | निर्मल कुमार रम्तेल | २,५००.०० |
| २१ | हाइटार कृषिउपभोक्ता सहकारी संस्था लि. | राजकुमार वि.क. | २,०००.०० |
| २२ | सरल वचततथा ऋण सहकारी | श्याम वुढाथोकी | २,०००.०० |
| २३ | पूर्व कर्मचारी वचततथा ऋण सहकारी संस्था लि. | शंभु प्रसाद गजुरेल | २,०००.०० |
| २४ | सुनगाभावचततथा ऋण सहकारी संस्था लि. | गोपालवहादुर थापा | २,०००.०० |
| २५ | जिल्ला सहकारी संघ सिन्धुली संचालक | धनवहादुर भुजेल | १,०००.०० |
| २६ | सौगात लघु उद्यम सहकारी संस्था लि | विमलाथापा | १,०००.०० |
| २७ | जिल्ला सहकारी संघ सिन्धुली संचालक | देव वहादुर वुढाथोकी | १,०००.०० |
| | **जम्मा** | | १०२,०००.०० |

## जिल्ला सहकारी संघले कोभिडको वखत वितरण गरेको स्वास्थ्य समाग्री बुझ्ने संस्थाको विवरण

| क्र.स. | सहयोगी संस्था तथा व्यक्तिको नाम | फेससिल संख्या | माक्स संख्या |
|---|---|---|---|
| १ | मिलीजुली वचत तथा ऋण सहकारी संस्था लि. | १३ | ५० |
| २ | सिन्धु वचत तथा ऋण सहकारी संस्था लि. | ७ | ५० |
| ३ | कमलामाई वहुउद्धेशीय सहकारी संस्था लि. | १ | ५० |
| ४ | हातेमालो साना किसान कृषि सहकारी संस्था लि. | | ५० |
| ५ | होटल वचत तथा ऋण सहकारी संस्था लि. | ६ | ५० |
| ६ | सिन्धुलीगढी वचत तथा ऋण सहकारी संस्था लि. | २ | ५० |
| ७ | स्वर्णीम भविश्य वचत तथा ऋण सहकारी संस्था लि | ७ | ५० |
| ८ | सहकार्य वचत तथा ऋण सहकारी संस्था लि. | ७ | ५० |
| ९ | शिद्धवावा वचत तथा ऋण सहकारी संस्था लि. | १ | ५० |
| १० | पूर्व कर्मचारी वचत तथा ऋण सहकारी संस्था लि. | १ | ५० |
| ११ | नमुना वहुउद्धेशीय सहकारी संस्था लि. | ९ | ५० |
| १२ | शिद्धेश्वर वहुउद्धेशीय सहकारी संस्था लि. | ३ | ५० |
| १३ | लालीगुराँस उपभोक्ता सहकारी संस्था लि. | ३ | ५० |
| १४ | कमलामाई उपभोक्ता सहकारी संस्था लि. | ५ | ५० |
| १५ | सिन्धुलीएकता सहकारी संस्था लि. | ५ | ५० |
| १६ | राष्टिय सहकारी बैक सिन्धुली शाखा | ६ | ५० |
| १७ | सौगात लघु उद्यम सहकारी संस्था लि. | ५ | ५० |
| १८ | नेत्र ज्योती वच ततथा ऋण सहकारी संस्था लि. | ५ | ५० |
| १९ | अनुग्रह वचत तथा ऋण सहकारी संस्था लि. | ४ | ५० |
| २० | सिन्धुली श्री वचत तथा ऋण सहकारी संस्था लि. | २ | ५० |
| २१ | राष्ट्र सेवक वचत तथा ऋण सहकारी संस्था लि. | २ | ५० |
| २२ | सिन्धुली कर्म तारा कृषि सहकारी संस्था लि. | २ | ५० |
| २३ | समय वचत तथा ऋण सहकारी संस्था लि | १० | ५० |
| २४ | ऊँ वचत तथा ऋण सहकारी संस्था लि | ७ | ५० |
| २५ | वचत तथा ऋण सहकारी संघ | २ | ५० |
| २६ | सुनगाभा वचत तथा ऋण सहकारी संस्था लि | ३ | ५० |

**५. जिल्लामा सहकारीको अवस्था :**

सिन्धुली जिल्लामा हाल रहेका सहकारीमा सदस्यहरुबाट करिब ३ अरब भन्दा बढी पूँजी संकलन भएको छ भने स्थानिय पुनर संरचना सगै पछिल्लो अभिलेख अध्यावधिक नभए पनि सहकारी विभागको पछिल्लो अभिलेख अनुसार ५११ वटा प्रारम्भिक सहकारी संस्था र एकिकृत भए पछि ५ वटा विषयगत संघ र १ जिल्ला सहकारी संघ कायम रहेको छ ।

**६. संघको आर्थिक अवस्था :**

संघको शेयर पूंजी २०७८ असार मसान्त सम्ममा रु ४,८०,५००।– रहेको छ भने जगेडा कोष र अन्य कोषमा रु ६८,८७४।८७ रुपैयाँ रहेको छ । वचत निक्षेप १,८६,०२,५००। र लगानी रु. १,५०,००,०००। सहित जम्मा सम्पति तथा दायित्व रु २,०१,५६,९२९।८६ को वासलात रहेको छ ।

**७. संघको कार्यालय व्यवस्थापन सम्बन्धमा :**

यस संघको कार्यालय संञ्चालनका लागि कमलामाई नगरपालिका वडा नं ६,को एक नं वजारमा जिल्ला सहकारी संघ र वचत तथा ऋण सहकारी संघको संयूक्त स्वामित्व रहने गरी एक भ्ल्याट भाडामा लिई संचालक समिति बैठक कक्ष, टेलर सहितको काउन्टर तथा एक तालिम हलको समेत व्यबस्था गरिएको छ र २५ देखी ३० जना सम्मलाई संघको हलमा नै तालिम तथा गोष्ठि संचालन गर्न सक्ने हलमा आवश्यक फर्निचरको र मल्टि मिडियाको माध्यमबाट तालिम दिने व्यवस्था गरिएको छ । कार्यालयमा आवश्यक फर्निचर कम्प्यूटर, फेटोकपि, प्रिन्टर, फोन, फ्याक्स, इमेलको व्यवस्था गरी आधुनिक तवरबाट कार्यालय सञ्चालन गरिएको छ ।

**८. संघले यस छोटो अवधीमा सम्पन्न गरेको गतिविधिहरु :-**

क) संघले छोटो समयमा सरोकारवला निकाय तथा सहकारीको क्षेत्रमा आफ्नो पहिचानदिन सकेको छ ।

ख) राष्ट्रिय सहकारी महासंघ लि. जिल्ला, स्थानिय नगर तथा पालिकाहरुको कार्यालय, विषयगत संघ सरोकारवाला कार्यालय लगाएतका निकायसंग समन्वय र सहकार्य गरिएको छ ।

ग) कोभिडका समयमा जिल्लामा संचालित सहकारी संस्थाहरुलाई सुरक्षीत मापदण्ड कायम गरि संस्था संचालन प्रकृयाका बारेमा सुचना तथा सदेश प्रसारण गरेको थियो ।

घ) जिल्लामा सहकारी संघको भुमिका विषयक अन्तरकृया कार्यक्रम मिति २०७८।४।१६ गते सहकार्य नेपालको आयोजनामा संचालित कार्यक्रममा सघको तर्फवाट गतिविधि तथा संघले खेल्ने भुमिकाको वारेमा प्रारम्भिक संस्थाहरुका संचालकहरु माफ्र्त स्पष्ट पारिएको थियो ।

ङ) आर्थिक वर्ष २०७८।७९को लागि सहकारी क्षेत्रमा वजेट व्यवस्थापनका लागि सिन्धुलीका ९ वटै स्थानिय तहमा स्थानियतहले सहकारीका लागि संवोधन गर्नु पर्ने विषयहरुलाई समेटी १७ सुत्रिय सुझाव पत्र पेश गरेको ।

च) अन्तर पालिका सहकारीको गतिविधीहरुलाई सकृय वनाउन तथा सहकारीको अभिलेखी करणका लागी पालिका स्तरको सहकारी संजाल निर्माण सुरु गरिएको छ । जस अन्तरगत हरिहरपुर गढी र कमलामाई नगरपालीकामा पालिका स्तरको संजाल निर्माणको कार्य सम्पन्न गरिएको छ ।

छ) महामारीको विचमापनि हरिहरपुर गढी गाउँपालिकातथा सानाकिसान कृषि सहकारी संस्थाहरु विच मिति २०७८ जेष्ठ २०, २१ र २२ गते तिन दिवसिय सहकारी संस्थाहरुको क्षमता विकास तालिम संचालन गरेको ।

ज) सहकारीमा सुसाशन र पारदर्शिताको लागि संचालक समिति र व्यवस्थापन समूह दूवै पक्षको क्षमता विकास अनिवार्य भएकाले लकडाउनको समयलाई मध्यनजर गरि संचालक क्षमता विकास तालिम नेफ्कुनका पूर्व तथा निर्वमान अध्यक्ष द्वय ऋषिराज घिमिरे र डि.वि.वस्नेत द्वारा सहजीकरण गर्नु भएको मिति २०७८ जेष्ठ २४

गते र असार ४ गते कर्मचारीहरुको क्षमता विकास तालिम नेफ्सकुनको प्राविधिक सहयोगमा तालिम दुर्गा प्रसाद ढकालद्धारा सहजीकरण गरि सम्पन्न गरेको छ । सचालक क्षमता विकास भर्चुअल तालिममा ९७ जना प्रारम्भिक सहकारी संस्थाका अध्यक्ष, सचिव कोषाध्यक्ष संञ्चालक सदस्यहरुको सहभागीता रहेको थियो भने कर्मचारी क्षमता विकास तालिममा १४३ जना भन्दा बढीको सहभागिता रहेको थियो ।

झ) जिल्ला सहकारी संघको नव विर्चाचित टोली जिल्ला सहकारी संघ दोलखाको अध्ययन अवलोकन भ्रमण मिति २०७७ चैत्र ३० गते सम्पनन गरको छ । त्यसका संचालक समिति, लेखा तथा सुपरिवेक्षण समितिका सहित ११ जनाको सहभागीता रहेको थियो ।

ञ) जिल्ला सहकारी संघको संचालक समितिको वैठक हरेक महिनाको १५ गते वस्ने तथा वैकठ संचालन कार्य विधि निर्माण गरि कार्यान्वयनमाल याइएको ।

ट) जिल्ला संचालित सहकारी संस्थाहरुको संचालकको घरमा दुखपर्दा संवेदाना व्यक्त गर्न घर संघको संचालक समिति पिडीतको घर दैलोमा पुग्ने गरिएको छ ।

ठ) सदस्य संस्थाहरु विच सहकारी सघको भावि निति तथा कार्यक्रम कस्तो हुनु पर्छ भन्ने विषयमा सरोकारवाला सदस्य संस्थाका प्रतिनिधीहरु विच एक दिवसीय सहकारी संघ संस्थाको वृद्धि विकासका लागी जिल्ला सहकारी संघको भुमिका विषयक एक दिवसीय अन्तरकृया कार्यक्रम मिति २०७८ श्रावण १५ गते सिताराम पार्टि प्यालेसमा सम्पन गरिएको थियो । जस्ले संस्थाको निति तथा कार्यक्रम एवं व्यवसायीक योजना निर्माण गर्न ठुलो सहयोग पुगेको छ । त्यस कार्यक्रमलाई सिन्धुली एकता साकोस, नमुना वहुउद्धेशीय सहकारी संस्था लि., सितराम पार्टि प्यालेस, जेके डेक्कटपले सौजन्य गरि दिनु भएको थियो जस्मा सिन्धुली जिल्लाका ७८ जना सहकारीका संचालक तथा कर्मचारीहरुले सहभागीता जनाएका थिए ।

ड) सदस्यहरु संग प्रतक्ष रुपमा संपर्कमा रहने कर्मचारीहरुको स्वस्थ्य सुरक्षालाई ध्यानमा राखि जिल्ला संचालित सहकारी संस्थाहरुको कर्मचारीहरुलाई कोभिड विरुद्धको खोप जिल्ला प्रसासन कार्यालय सिन्धुली संग समन्वय गरि कोभिड विरुद्धको खोप लगाउने व्यवस्था मिलाईएको श्रावण २०,२१ गते मिलाईएको थियो । जस्मा सिन्धुली जिल्लाका १७७ जना कर्मचारीहरुले कोभिडको जोनसन एण्ड जोनसन खोप लगाएका थिए ।

९) मिति २०७३ चैत्र २० गतेका दिन"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" भन्ने मुल नाराका साथ ६४औं राष्ट्रिय सहकारी दिवस जिल्ला सहकारी संघ लि. सिन्धुली र कमलामाई नगरपालिका राष्ट्रिय सहकारी वैंक सिन्धुलीको संयूक्त आयोजनामा विहान हस्पिटलका विरामीहरुलाई फलफुल वितरण, नगरपलिकाको सभाहलमा सहकारी एकिकरण सम्वन्धी अन्तरकृया कार्यक्रम तथा वेलुका जुनार चोकमा दिपप्रज्वलन गरिएको थियो भने त्यस कार्यक्रममा स्थानिय सहकारी संस्थाका प्रमुख एंव प्रतिनिधिहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

१०) जिल्ला सहकारी संघको तिन दिवसीय व्यवसायीक रणनितिक योजना कार्यशाला मिति २०७८ श्रावण ३०, ३१ र ३२ गते राष्ट्रिय सहकारी वैंक को आर्थिक तथा प्राविधिक सहयोगमा होटल गणपति रिसोर्ट सिन्धुलीमा सम्पन गरिएको थियो । वैंकका तालिम अधिकृत सुर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको कार्यक्रमको समापन समारोह राष्ट्रिय सहकारी वैंक अध्यक्ष के. वि. उप्रेतीको सभाध्यक्षतामा कमलामाई नगरपालीकाका नगर प्रमुख खड्ग बहादुर खत्रिको प्रमुख आतित्थ्यतामा सम्पन भएको थियो । कार्यक्रममा जिल्ला सहकारी संघ सिन्धुलीका संचालक, सल्लाहकार तथा विभिन्न उपसमिति एवं कर्मचारी सहित २२ जना सहभागीहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा कमलामाई नगरपालिकाकाको पालिका स्तयरीय संजाल गठन पनि गरिएको थियो ।

**११) संघको स्थापनादिवस तथाएकिकरण कार्यक्रम :**

जिल्ला सहकारी संघको २८ औ स्थापनादिवस मिति २०७८ भाद्र ९ गतेलाई जिल्लाका ३ जिल्ला संघहरु एकिकरण प्रकृया पुरा गरि सहकारी विभागका वाग्मति प्रदेश रजिष्टार विक्रम पाण्डेले एकिकृत प्रमाण पत्र हस्तान्तर गरि मनाईको थियो । जिल्ला उपभोक्ता सहकारी संघ सिन्धुली, वहुउद्धेशीय सहकारी संघ सिन्धुली र जिल्ला सहकारी संघ सिन्धुली विच एकिकरण गरि जिल्ला सहकारी संघको नामवाट संचालन हुने भएको हो । एकिकरण प्रकृयामा भएको खर्चको सौजन्य कृणराज केसी, नवराज कोइराला, खडानन्द तिमल्सिना तथा नवराज गजुरेले गर्नु भएको थियो ।

सभाध्यक्ष महोदय,

अब आर्थिक वर्ष २०७८/२०७९ को लागि प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

१) जिल्लामा दर्ता भएका सहकारी संस्थाहरु मध्ये संघमा आवद्ध नभएका संस्थाहरुमागोष्ठि सञ्चालनगरी कम्तिमा १०० नयाँ थप सदस्य वनाउने ।

२) संघमा आबद्ध संस्थाहरुलाई सहकारी शिक्षा, सुचना र तालिमप्रदान गर्ने ।

३) जिल्लामा संचालित नमुना सहकारी संस्था प्रारम्भिक संस्थाहरु मध्यवाट उत्कृष्ठ संस्था, उत्कृष्ठ संचालक र उत्कृष्ट व्यवस्थापक एंव कर्मचारी छनौट गरी पुरस्कृत गर्ने, र अन्तर सहकारी प्रतियोगिताहरु सञ्चालन गरिने छ ।

४) संघ संचालन नितिको तर्जुमा गर्न समन्वय कर्ताको भुमिका निर्वाह गर्ने र संघको चार वर्षिय व्यवसायिक रणनितिक योजना बनाउने कार्यलाई पूर्णता दिइने छ ।

५) व्यबसायिक योजनानिर्माण तथा विविध अन्यकृया कार्यक्रम गर्न प्रारम्भिक संस्थाहरु तथा राष्ट्रिय सहकारी वैंक तथा महासंघलाई अनुरोध गरि सहजीकरण गर्ने गराउने ।

६) सहकारी संस्थाहरुलाई उत्पादनमुलक कार्यमा लगाई आयअर्जन वृद्धी गर्नमा सहयोग गर्ने र सदस्य संस्थाका संचालक समिति लेखा सुपरिवेक्षेण समितिका पदाधिकारीलाई तालिमको व्यबस्था गरिने छ ।

७) सदस्य सहकारी संघ/सस्थाहरुलाई आईपरेका समस्या समधानको लागिकाम गरिने छ ।

८) सहकारी संस्था एकीकरणका लागि सचेतिकरण एंव जिल्लाको विभिन्न स्थानमा संस्थाका सञ्चालकहरुसंग अन्तरक्रिया कार्यक्रमको आयोजना यस वर्ष पनि गर्ने । जस्को सुरुवात जिल्लाका विषयगत जिल्ला सहकारी संघहरुको कम्तीमा ३ वटा एकिकरण गरि सुभारम्भ गरिने छ ।

९) संघमा आबद्ध सहकारी संघ/संस्थाहरुको विषयगत संघहरु स्थानिय तहहरुसंगको सहकार्यमा प्रारम्भिक संस्थाहरुको अनुगमन निरिक्षण तथा मुल्याङ्कन गर्ने र आबश्यक सुझाब दिइने ।

१०) सहकरी संघ/संस्थाहरुको विकास प्रबर्द्धनमा टेवा पुऱ्याउनका लागि दुई नगरपालिका सहित सात वटा गाउँपालिकामाएक/एक वटा लेखा व्यबस्थापन तालिम संचालन गर्ने ।

११) सबै स्थानीयतहका गाउँपालिकाहरुमा एक/एक वटा सहकारी एकिकरण कार्यशालाको कार्यक्रम संचानलन गर्ने ।

१२) प्रारम्भिक सहकारी संस्थाका संचालक तथा व्यवस्थापकहरुका लागि पल्स अनुगमन तालिम सञ्चालन गर्ने र आवश्यकता अनुसार विभिन्न सरकारी तथा गैर/सरकारी संघ/संस्थासँग समन्वय गरी थप तालिम तथा गोष्ठिको आयोजना गर्ने ।

१३) सबै स्थानीयतहरु संग समन्वय र सहकार्य गरी सहकारीको व्यवसायिक बिकासका लागि विभिन्न कार्यक्रम संचालन गर्ने । जिल्लाका सरोकारवाला निकाय र सबै सहकारी संघ, संस्थाका प्रतिनिधी सम्मिलित एक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने ।

१४) सहकारीको जिल्ला भरको ०७८ असार मसान्त सम्म भएको अभिलेखको आधारमा सवै विषय समेटी सहकारीको जिल्ला प्रोफाइल तयार गर्ने ।

१५) ६५औँ राष्ट्रिय सहकारी दिवशभव्यताका साथमा मनाउन जिल्ला भित्रका सहकारी संस्थाका प्रतिनिधिहरु संग छलफल एंव अन्तरक्रिया गर्ने र कमलामाई नगरपालिका लगायतका सबै स्थानियतहका केन्द्रहरुमा विभिन्न कार्यक्रमका साथ भव्यतापुर्वक ६५औँ राष्ट्रिय सहकारी दिवश मनाउने ।

१६) कर्मचारीहरुको हकहितका लागि मेनेजर्स क्लव गठन गर्ने र सो क्लवका २ जना प्रतिनिधी जिल्ला सहकारी संघको मानव संसाधन उप समितिमा प्रतिनिधिको रुपमा रहन सक्ने व्यवस्था मिलाउने । र समय सापेक्ष कर्मचारीहरुको न्यूनतम पारिश्रमिक तोक्ने तथाबृद्धि र जिल्ला भरको सहकारी संस्थाहरुको विदामा एक रुपता कायम गर्ने गराउने ।

१७) जिल्लामा विभिन्न उद्देश्यका साथ दर्ता भएका सहकारी संस्थाहरुले उद्देश्य भन्दा बाहिर गएर बचत तथा ऋणको मात्र कार्य संचालन गरेकोले त्यस्ता संस्थालाई सहकारी ऐन २०७४अनुसार कार्य गराउनका लागि सम्बन्धित स्थानीय तह सँग समन्वय गरी उद्देश्य अनुसार काम गर्न प्रेरित गर्ने ।

१८) सहकारी ऐन २०७४, अनुसार स्थानीयतह सँग समन्वय र सहकार्य गरी संघका गतिविधिलाई प्रभावकारी तवरबाट अगाडी बढाउने ।

१९) सहकारी सम्बन्धी भएका गतिविधिलाई समेटी सिन्धुली जिल्लामारहेका सामुदायिक रेडियोहरु र प्रारम्भिक सहकारी संस्थाहरुको सहकार्यमा साप्ताहिक एंव पाक्षिक रुपमा सञ्चालनहुने गरी सहकारी सम्बन्धी रेडियो कार्यक्रम सञ्चालनगर्ने ।

२०) संघको विनियम २०५० लाई वर्तमान ऐन तथा नियमावलीको अधिनमा रहि पुनरलेखन गर्नु पर्ने भएकोले विनियम पुनरलेखनका लागि संचालक समितिलाई अख्तियार प्रदान गर्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

२१) संघको वित्तिय कारोवारलाई शेयर २० लाख, वचत ३ करोड ९० लाख, ऋण लगानी ५ करोड वाहिय ऋण सापटी ऋण सापटी १ करोड ल्याई सहज रुपमा सदस्य संस्थालाई तररलता व्यवस्थापनका लागि ऋण लगानी गर्दै कम्तिमा वासलात ५ करोड माथि पुऱ्याउने । आम्दानी ४० लाख र खर्च ३२ लाखमा सिमित गरी संचालननाफा ८ लाख सम्म गर्ने ।

२२) स्थानियतह संग सहकार्य गरि सवै स्थानियतहमा सहकारी संजाल गठन गरि ५० वटा सहकारी संस्थाहरुको स्थलगत निरिक्षण गर्ने ।

२३) जिल्ला सहकारी संघको वार्षिक रुपमा स्थापना दिवसका दिनलाई भव्य रुपमा मनाउन हरेक साधारण सभालाई पनि भाद्र ९ गतेकै दिन सम्पन्न गर्ने गरी नियमित संकारको रुपमा विकास गर्ने ।

२४) जिल्ला सहकारी संघको आ.व. २०७८।७९ को अन्तिम लेखापरिक्षण गर्नको लागि दर्तावाल लेखारिक्षक ए.डि. एण्ड एसोसिएटस न्यूनतम लेप शुल्कलिने गरी नियूक्त गर्ने ।

२५) जिल्ला सहकारी संघको आ.व. २०७७।७८ को लगानीको आधारमा १० प्रतिशत वोनस संस्थाहरुलाई प्रदान गर्ने र नियमित कम्तीमा १० प्रतिशत वोनस वितरण गर्न सक्ने गरि संघ संचालन गर्ने ।

२६) जिल्ला सहकारी संघको संपूर्ण गतिविधीहरु सार्वजनिक गर्न वेवसाइड निर्माण गर्ने तथा जिल्ला सहकारी संघको मातहतमा रहने गरि सहकारी संवन्धि डिजिटल अनलाइन पत्रिका संचालन गर्ने गराउने ।

२७) २८औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका बन्द गर्न १६जना प्रारम्भिक संस्थाका प्रतिनिधि सदस्य चयन गर्ने ।

अन्तमा यस संघको विकासमा सदस्य संघ/संस्थाहरुको हितअनुकुलभएका निर्णयहरु आ.ब.२०७७/२०७८ को प्रगति प्रतिवेदनलाई अनुमोदन गरी आ.ब २०७८/०७९ को प्रस्तावित नीति तथा कार्यक्रमलाई छलफल गरी आवश्यक संसोधन साथ यस गरिमामय साधारण सभाबाट पारित गरिदिनुहुने छ भन्ने आसा एवंविश्वास लिएको छु ।

**उपसंहार:**

संघले विगत एक वर्षमा हासिल गरेका उपलव्धिहरु सन्तोषजनक छन् । हासिल उपलव्धिहरुलाई संस्थागत गर्दै, समग्र सञ्चालन तथा० यवस्थापनलाई सुदृढ र जोखिम रहित बनाउने, अवसरहरुको सदुपयोग र चुनौतिहरु संग सामना गर्ने सामर्थ्यताको विकासमा हामी सबै एकमन, एकता र उच्च प्रतिवद्धता साथ क्रियाशिल हुनु जरुरी छ ।

सिन्धुली जिल्ला वि.पी.राजमार्गको पूर्णता सगै पूर्व तथा मध्य तराईलाई जोड्ने धरान–चतरा–सिन्धुली–मक्वानपुर प्रस्तावित मदन भण्डारी राजमार्ग खण्डको वाटोमा पर्ने अंग्रेजहरुलाई परास्त गरी नेपालीको वीरासत जोगाउने ऐतिहाँसिक जिल्ला मात्र नभई एक महत्वपूर्ण गन्तव्यको रुपमा परिभाषित छ । हाम्रो भुगोलको विशिष्ट पहिचान र विभिन्न महत्वपूर्ण अवसरका कारण विकासका प्रचुर सम्भावनाहरु उपस्थित छन् । यहाँको विशिष्ट ईतिहास र पहिचान, आम नागरिकहरुको सहकारी तथा सामाजिक एकता र विकासको भावना हाम्रा लागि महत्वपूर्ण छन्। सालका हरिया वनहरुले र जुनारको जिल्ला भनेर चिनिने सिन्धुलीमा विशेष आर्थिक क्षेत्र र अनेकन् सम्भावनाहरुले यस क्षेत्रको भविष्य चम्किलो छ । प्रतावित सुनकोशी डाईभर्सन, खुर्कोट चियावारी सुरुङमार्ग जस्ता राष्ट्रिय स्तरका आयोजनाको रेखाङकन सगै हाम्रो संघको विकास र सम्भावनाहरुलाई प्रभावकारी बनाउनयी सवालहरु निश्चय पनि अन्तर सम्वन्धित र सहयोगी छन् । यसमा हामी सबैले चासो, सकारात्मक सोच र क्रियाशिलता जाहेर गर्नुपर्दछ ।

संघको अवधारणा विकासका लागि हामीलाई गतवर्ष अघि नेतृत्वग्रहण गर्ने अवसर प्रदान गरि दिनु हुने सम्पूर्ण भगवान रुपी प्रतिनिधी शेयर सदस्यहरुलाई सम्मानित साधारणसभामा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हामीलाई अविभावकत्व प्रदान गर्नु हुने राष्ट्रिय सहकारी महाँसघ, नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ, राष्ट्रिय सहकारी वैंक लिमिटेड,सवैजिल्ला सहकारी संघहरु,विषयगत सहकारी संघहरु, सरोकार राख्ने सहयोगीहरु सञ्चारकर्मी मित्रहरु एवम् सहयोगी सबैप्रति योगदानका आधारमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यो संघलाई साच्चै सहकारीको रुपमाविकास गर्न यहांहरुको सदभाव, मेहनत र लगावको हामीलाई अझ बढी खाचो छ । उपस्थित अवसर र चुनौतिहरुलाई हाम्रो एकताले मात्रै जित्न सकिन्छ । सहकारीलाई परस्पर सेवा, आपसीलाभ र सामाजिक उत्तरदायित्व अनि विकासको पर्यायको रुपमा अघि बढाउन प्रतिवद्ध बनौं । संघको एक वर्षका उपलव्धिर चुनौतिहरुको सन्दर्भमा यहाँहरुको गम्भिरता र यथार्थपरक मूल्यांकन गर्ने कुरामा ध्यान दिनुहुने विश्वास लिएको छु । अन्त्यमा नेपालीहरुको महानपर्व विजयादशमी, सुभदिपावली एवं छट पर्व २०७८ को मंगलमय शुभकामना सहित प्रतिवेदन अन्त्य गर्ने अनुमति चाहन्छु ।

नवराज कोइराला
महा सचिवएवं
सञ्चालक समिति परिवार

जय सहकारी ! ! जय जिल्ला सहकारी संघ ! ! !



बद्री नारायण श्रेष्ठ
संयोजक

## २८औ वार्षिक साधारण सभा २०७८ मा लेखातथा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक श्री बद्रि नारायण श्रेष्ठद्धारा प्रस्तुतप्रतिवेदन

आदरणीय सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, संस्थामा आवद्ध सदस्यज्यूहरु र कर्मचारी मित्रहरु तथा पत्रकारज्यूहरुमा लेखा समितिको तर्फवाट अभिवादन व्यक्त गर्दछु ।

आदरणीय सदस्य महानुभावहरु यहाँहरुले यस समितिलाई दिनु भएको जिम्मेवारीको परिधिमा रहि यो आर्थिक वर्षको समयावधीमा संस्थामा भएका निर्णयहरुको कार्यान्वयनको अवस्था, लेखा पारदर्शी तथा नियमसंगत चुस्त, दुरुस्त भए नभएको चेक जाँच गरी नियमित बैठक बसी आन्तरिक लेखा परिक्षण गरेका छौं ।

हामीले भर्खरै प्राप्त भएको सहकारी ऐन २०७४, नियमावली २०७५, सहकारी संचालन कार्यविधी, सहकारी मापदण्ड तथा स्थानिय सहकारी ऐन तथा विनियम प्रचलित अभ्यास, लेखाको सर्वमान्य सिद्धान्त अनुसार संस्थाको आर्थिक कारोवार र अन्य पक्षको आवधिक रुपमा अनुगमन गर्दै आएका छौं । सञ्चालक समितिले संघको हितमा १७० दिनको छोटो गरिरहेको काम प्रति हामी सन्तुष्ट छौ । संघको लेखा तथा समग्र कारोबारको सम्बन्धमा हाम्रो टिप्पणी र सुझाव यस प्रकार छ ।

